बैठक नं. : ४८

आज मिति २०७७/११/१७गते सोमबारका दिन यस मोहन्याल गाउँपालिकाकाको गाउँ कार्यपालिकाका अध्यक्ष श्री नवल सिंह रावल ज्यू को अध्यक्षतामा बैठक बसी तपसिलका प्रस्ताव उपर छलफल गरि तपसिल बमोजिमका निर्णयहरु गरियो ।

तपसिल :

| सि.नं. | नाम थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री नवल सिंह रावल | अध्यक्ष | |
| २ | श्री पुजा देवि बुढामगर | उपाध्यक्ष तथा का.पा. सदस्य | |
| ३ | श्री नविन पुनमगर | वडा अध्यक्ष तथा का.पा.सदस्य | |
| ४ | श्री देविदत्त उपाध्याय | वडा अध्यक्ष तथाका.पा.सदस्य | |
| ५ | श्री नन्दराम गिरी | वडा अध्यक्ष तथा का.पा.सदस्य | |
| ६ | श्री टेक बहादुर बोगटी | वडा अध्यक्ष तथा का.पा.सदस्य | |
| ७ | श्री छविलाल हौजाली मगर | वडा अध्यक्ष तथा का.पा.सदस्य | |
| ८ | श्री टिकाराम भण्डारी | वडा अध्यक्ष तथा का.पा.सदस्य | |
| ९ | श्री खर प्रसाद अधिकारी | वडा अध्यक्ष तथा का.पा.सदस्य | |
| १० | श्री तारा शर्मा | कार्यपालिका सदस्य | |
| ११ | श्री राधिका दमाई | कार्यपालिका सदस्य | |
| १२ | श्री तुलसी पुरी | कार्यपालिका सदस्य | |
| १३ | श्री कौशिला देवि शार्कि | कार्यपालिका सदस्य | |
| १४ | श्री बिशाल कुमार पहराई | कार्यपालिका सदस्य | |
| १५ | श्री ईन्द्रा देवि भुल | कार्यपालिका सदस्य | |
| १६ | श्री नारायण प्रसाद शर्मा | सदस्य सचिव | |

नवल सिंह रावल
अध्यक्ष

Scanned with CamScanner

**प्रस्ताव नं.१ :** भुमिहीन सुकुम्बासी तथा अव्यवस्थित बसोबासीको पहिचान,लगत संकलन प्रमाणिकरण गर्ने कार्यमा स्थानीय कार्यपालिकालाई सहयोग र सहजीकरण समिति सम्बन्धमा ।

**निर्णय नं.१ :-**

भुमिहीन सुकुम्बासी तथा अव्यवस्थित बसोबासीको पहिचान,लगत संकलन प्रमाणिकरण गर्ने कार्यमा स्थानीय कार्यपालिकालाई सहयोग र सहजीकरण गर्न स्थानीय तहमा देहाय अनुसार भुमी सम्बन्धी समस्या सामाधान सहजीकरण समिति गठन गर्ने निर्णय गरियो ।

क. गाउँपालिकाका अध्यक्ष श्री नवल सिंह रावल – संयोजक

ख. गाउँपालिकाका उपाध्यक्ष श्री पुजा देवी बुढामगर – सह-संयोजक

ग. मोहन्याल गाउँपालिकामा क्रियाशील रहेका राष्ट्रिय मान्यता प्राप्त राजनितिक दलका प्रमुख वा निजले तोकेको प्रतिनिधि – सदस्य

घ. कार्यपालिका सदस्य महिला श्री तुलसी पुरी – सदस्य

ङ. कार्यपालिका सदस्य दलित महिला श्री कौशिला सार्की – सदस्य

च. संघसंस्था बाट श्री नन्दलाल ~~सार्की~~ रोक्यमगर – सदस्य

छ. संघसंस्था बाट श्री तुल्सी विक – सदस्य

ज. प्रमुख प्रशासकिय अधिकृत – सदस्य

**प्रस्ताव नं.२ :** भुमिहिन दलित,भुमिहिन तथा अव्यवस्थित वसोबासीको लगत संकलनको लागी वजेट व्यवस्था सम्वन्धमा ।

**निर्णय नं.२ :-**

भुमीहिन दलित,भुमिहिन र अव्यवस्थित वसोवासीको लगत संकलनको कार्यक्रम संचालन गर्न गाउँ सभा वाट कोरोना कोषमा विनियोजन भई वाँकी रहेको ४०(चालिस) लाख रकम खर्च गर्ने गरी कार्यक्रम संसोधन गर्ने र अपुग रकमको हकमा आगामी आ.व.को लागी दायित्व सृजना गरी भुक्तानी दिने व्यवस्था मिलाउने निर्णय गरियो ।

**प्रस्ताव नं.३ :** भुमिहिन दलित,भुमिहिन तथा अव्यवस्थित वसोबासीको लगत संकलनका लागी आवश्यक जनशक्ति सम्वन्धमा ।

**निर्णय नं.३ :-**

भुमिहिन दलित,भुमिहिन तथा अव्यवस्थित बसोबासीको लगत संकलनका लागी आवश्यक पर्ने देहाय अनुसारको जनशक्ति सेवा करारमा लिने निर्णय गरियो ।

(१.) सर्भेक्षक – १ जना (२.) अमिन – ४ जना (३.) लगत प्रविष्टि कर्ता -३ जना (४.) फिल्ड सहयोगी – २ जना

**प्रस्ताव नं.४ :** भुमिहिन दलित,भुमिहिन तथा अव्यवस्थित वसोबासीको लगत संकलन गर्न थप जनशक्ति सम्वन्धमा ।

**निर्णय नं.४ :-**

भुमीहिन दलित,भुमिहिन र अव्यवस्थित वसोवासीको लगत संकलन गर्ने ईकाइ र तथ्यांक संकलकको हकमा देहाय अनुसार कार्यालय र वडा कार्यालयमा कार्यरत कर्मचारीहरुलाई अषाढ मसान्त सम्मको लागी यातायात खर्च वाफत थप सूरु तलव स्केलको ५०% दिई थप कामकाज गराउने निर्णय गरियो ।

क. इकाई प्रमुखमा – कम्प्युटर अधिकृत श्री भिम विष्ट

ख. लगत संकलकमा – डम्मर बहादुर सलामीमगर(कृषि प्राविधिक) वडा नं.१

- चन्द्रा कुमारी शाही (कृषि प्राविधिक) वडा नं.२
- निर्मला पन्त (कृषि प्राविधिक) वडा नं.३

नवल सिंह रावल
अध्यक्ष

Scanned with CamScanner

नवल सिंह रावल
अध्यक्ष

- हिक्मत बहादुर रानामगर (कृषि प्राविधिक) वडा नं.४
- दिपेन्द्र बाठामगर (पशु प्राविधिक) वडा नं.५
- मिन प्रसाद भण्डारी (कृषि प्राविधिक) वडा नं.६
- उदय सिंह राजी (पशु प्राविधिक) वडा नं.७

प्रस्ताव नं.५ : गाउँपालिकाले तयार गरेको आ.व.२०७७।०७८ को दररेट स्वीकृत सम्बन्धमा।

निर्णय नं.५ :–

गाउँपालिकाले जिल्ला दररेट लाई आधार मानी तयार पारेको आ.व.२०७७।०७८ को मोहन्याल गाउँपालिकाको दररेट स्वीकृत गर्ने निर्णय गरियो।

प्रस्ताव नं.६ : लागत साझेदारीको रकम भुक्तानी सम्वन्धमा।

निर्णय नं.६ :–

लागत साझेदारीमा गाउँपालिकाले गत आ.व.२०७६।०७७ देखी संचालन रहेका देहाय अनुसारका आयोजनाहरुमा देहाय अनुसारको रकम समपुरक कोष शिर्षक बाट भुक्तानी गर्ने निर्णय गरियो।

| सि.नं | योजना तथा कार्यक्रमको विवरण | ठेगाना | भुक्तानी दिने रकम |
|---|---|---|---|
| १ | २ | ३ | ४ |
| १ | रज्मा पालनी मोटरबाटो निर्माण | मोहन्याल-४ | ४८१२००.०० |
| २ | श्री भृकुटी मा.वि.६ कोठे भवन निर्माण योजना | मोहन्याल- ४ | ३२७८०००.०० |
| ३ | श्री कालिका आ.वि. चिरकट्टे भवन निर्माण | मोहन्याल-२ | १३००००००.०० |
| ४ | गढगाउँ भत्कुडी मोटरबाटो निर्माण योजना | मोहन्याल-३ | ६०१६००.०० |
| ५ | श्री नवदुर्गा रा.मा.वि ताम्चा भवन निर्माण | मोहन्याल-३ | १००००००.०० |
| ६ | फलेविसौना सन्त निरङ्कारी ट्रस्ट भवन निर्माण योजना | मोहन्याल-३ | ४०१२००.०० |
| ७ | पितमारी खानेपानी डिप बोरिङ | मोहन्याल -७ | २०००००.०० |
| ८ | कसेनी नौलाकोट झोलुङ्गे पुल | मोहन्याल-७ | १०७९१५.०० |
| ९ | अरनिको रा.आ.वि.कुइने विल्डअन भवन निर्माण | मोहन्याल -७ | ५०००००.०० |

प्रस्ताव नं.७ : कोरोना अस्थायी अस्पताल निर्माण सम्बन्धमा।

निर्णय नं.७ :–

संघीय सरकारबाट प्राप्त भएको १० लाख बाट अस्थायी कोरोना अस्पताल निर्माण गर्न भनी प्राप्त भएको रकमबाट पण्डौन स्वास्थ्य चौकी, खिमडी कैलालीमा अस्थायी कोरोना अस्पताल निर्माण गर्ने निर्णय गरियो।

प्रस्ताव नं.८ : नौलाकोटको टेलिकम टावरको लागी १ कोठे भवन निर्माण सम्बन्धमा।

निर्णय नं.८:–

नवल सिंह रावल
अध्यक्ष

Scanned with CamScanner

नवल सिंह रावल
अध्यक्ष

गाउँपालिका र नेपाल टेलिकमको क्षेत्रिय कार्यालय अत्तरिया, कैलाली बिच भएको सम्झौता अनुसार मोहन्याल गाउँपालिका वडा नं.७ को नौलाकोटमा एक कोठे भवन निर्माण गर्न समपुरक कोष शिर्षक बाट रु.७ (सात) लाख विनियोजन गरि निर्माण कार्य सम्पन्न गर्ने निर्णय गरियो ।

प्रस्ताव नं.९ : वडा नं.६को वडा कार्यालयको बढी काम गराईएको रकम भुक्तानी सम्बन्धमा ।

निर्णय नं.९ :–

वडा नं.६ को कार्यालय भवन निर्माण गर्दा ठेक्का सम्झौतामा उल्लेख भएको आइटम भन्दा बढी काम गराएको हुँदा बढी काम गराए वापत आउने रकम रु.१०(दश) लाख भित्रको भुक्तानी समपुरक कोष शिर्षकमा विनियोजन भएको रकम बाट भुक्तानी दिने निर्णय गरियो ।

प्रस्ताव नं.१० : थप कक्षा अनुमती सम्बन्धमा ।

निर्णय नं.१० :–

यस गाउँपालिका भित्रका विद्यालय बाट कक्षा थपको लागी अनुमती माग गरी सोझै कार्यपालिकामा पेश हुन आएकोले शिक्षा समितिको निर्णय भई आएपछि कक्षा थप निर्णय गर्ने निर्णय गरियो ।

प्रस्ताव नं.११ :– बैठक भत्ता तथा भ्रमण खर्च सम्बन्धी कार्यविधि,२०७७ स्वीकृत सम्बन्धमा ।

निर्णय नं.११ :–

गाउँपालिकाको कार्यालयले बैठक भत्ता तथा भ्रमण खर्च सम्बन्धी तयार पारेको कार्यविधि,२०७७ स्वीकृत गरि लागु गर्ने निर्णय गरियो ।

प्रस्ताव नं.१२ :– राजस्व परामर्श समितिको प्रतिवेदन स्वीकृत गर्ने सम्बन्धमा ।

निर्णय नं.१२ :–

गाउँपालिकाको राजस्व परामर्श समितिले तयार पारेको प्रतिवेदन,२०७७ स्वीकृत गर्ने निर्णय गरियो ।

प्रस्ताव नं.१३ :– चिसापानी देउराली टोल देखी पितमारी सडक कालोपत्रेको म्याद थप गर्ने सम्बन्धमा ।

निर्णय नं.१३ :–

तराई मधेस सम्मृद्धि कार्यक्रम अन्तर्गतको चिसापानी देउराली टोल देखी पितमारी सडक कालोपत्रेको ठेक्काको म्याद २०७७ अषाढ मसान्त सम्म रहेकोमा विश्वव्यापी महामारीको रुपमा फैलिएको Covid-19 का कारण नेपाल सरकाले देशभर लक डाउन गरेका कारण सडकको कालोपत्रेको काम सम्पन्न हुन नसकेकको कारण २०७८ अषाढ मसान्त सम्मको लागी ठेक्का सम्पन्न गर्ने अवधीको म्याद थप गर्ने निर्णय गरियो ।

प्रस्ताव नं.१४ :– उपभोक्ता समिति गठन,परिचालन तथा व्यवस्थापन कार्यविधी, २०७७ सम्बन्धमा ।

निर्णय नं.१४ :–

गाउँपालिकाको कार्यालयले तयार पारेको उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन कार्यविधि, २०७७ लाई पारित गर्ने निर्णय गरियो ।

प्रस्ताव नं.१५ :– सशर्त अनुदाको थप अख्तियारी स्वीकृत गर्ने सम्बन्धमा ।

निर्णय नं.१५ :–

गाउँपालिकाको कार्यालयमा आउने संघीय सरकारको सशर्त अनुदानमा देहाय अनुसार घट बढ भई आएकाले उक्त घटबढ देहाय अनुसारको रकम लाई पारित गर्ने निर्णय गरियो ।

| सि.नं | सब-बजेट उपशिर्षक | स्रोत | शुरु बजेट | थप बजेट | जम्मा बजेट |
|---|---|---|---|---|---|
| १ | उन्नत धान विउमा कृषकहरुलाई अनुदान कार्यक्रम | नेपाल सरकार सशर्त अनुदान | | २१८५००० | २१८५०००.०० |

नवल सिंह रावल
अध्यक्ष

Scanned with CamScanner

नवल सिंह रावल
अध्यक्ष

| | | | | | |
|---|---|---|---|---|---|
| २ | एक गाउँ एक कृषि तथा पशु सेवा प्राविधिकको तलब | नेपाल सरकार सशर्त अनुदान | १३०४००० | -११० | १३०३८९०.०० |
| ३ | सुरक्षित नागरिक आवास कार्यक्रम :-सुदुरपश्चिम प्रदेशको कैलाली जिल्ला क्षेत्र नं.२अन्तर्गत मोहन्याल गा.पा.वडा नं.१,२,३,४,६ र ७मा-३३८ | नेपाल सरकार सशर्त अनुदान | | ४३१३००० | ४३१३०००.०० |
| ४ | सुरक्षित नागरिक आवास कार्यक्रम :-सुदुरपश्चिम प्रदेशको कैलाली जिल्ला क्षेत्र नं.४अन्तर्गत मोहन्याल गा.पा.वडा नं. ५मा-१५३ | नेपाल सरकार सशर्त अनुदान | | १९५३००० | १९५३०००.०० |
| ५ | तोकिएका विद्यार्थीको दिवा खाजाका लागि विद्यालयलाई अनुदान | नेपाल सरकार | ९७९८००० | -२६९२०००.०० | ७१०६०००.०० |
| | | एसएसडिपी सोभ अनुदान | १६३१००० | -४४६०००.०० | ११८५०००.०० |
| | | एसएसडिपी सोभ ऋण | २३०८००० | -६३१०००.०० | १६७७०००.०० |
| ६ | सामुदायिक विद्यालयका छात्राहरुलाई निशुल्क स्यानीटरी प्याड वितरण | नेपाल सरकार | ११८८००० | -३५७००० | ८३१०००.०० |
| | | एसएसडिपी सोभ अनुदान | १९७००० | -५९००० | १३८०००.०० |
| | | एसएसडिपी सोभ ऋण | २७९००० | -८४००० | १९५०००.०० |
| ७ | कोभिड-१९ का कारण उत्पन्न परिस्थितिमा सिकाइ सहजीकरणका लागी शैक्षिक कार्यक्रम | नेपाल सरकार | | ३०४९००० | ३०४९०००.०० |
| | | एसएसडिपी सोभ अनुदान | | ५०५००० | ५०५०००.०० |
| | | एसएसडिपी सोभ ऋण | | ७१५००० | ७१५०००.०० |
| ८ | अंग्रेजी,गणित र विज्ञान विषयमा शिक्षण सहयोग अनुदान | नेपाल सरकार | | २७७७००० | २७७७०००.०० |
| | | एसएसडिपी सोभ अनुदान | | ४६०००० | ४६००००.०० |
| | | एसएसडिपी सोभ ऋण | | ६५१००० | ६५१०००.०० |
| ९ | कामको लागी पारिश्रमिक (विपन्न श्रमिकको ज्याला दैनिक रु ५१७) | ए डि बि/पि वि एल-नगद ऋण | | १३८५६००० | १३८५६०००.०० |

नवल सिंह रावल

Scanned with CamScanner

नवल सिंह रावल
अध्यक्ष

प्रस्ताव नं.१६ :- सिमली पण्डौन खिमडी सडक सफाई गरेको रकम भुक्तानी सम्बन्धमा ।

निर्णय नं.१६ :-

सिमली पण्डौन खिमडी सडक वर्षातको कारणले पहिरो गई पुरै बाटो अवरुद्ध भएकोमा उपभोक्ता समिति गठन गरि पहिरोहरु हटाई सफाइ गराइ बाटोलाई यातायात चल्ने बनाउदा लागेको रकम रु.१२ (बाह्र) लाख समपुरक कोष शिर्षक बाट विनियोजन गरि भुक्तानी दिने निर्णय गरियो ।

प्रस्ताव नं.१७ :- प्रधानमन्त्री रोजगार कार्यक्रमको आयोजना छनौट सम्बन्धमा ।

निर्णय नं.१७ :-

प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत आ.व.२०७७।०७८ का लागी देहाय अनुसारका आयोजना छनौट गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

| क.सं. | योजनाको नाम | ठेगाना | जम्मदर्ता भएका बेरोजगारको संख्या | योजनामा खटाईने श्रमिक संख्या | श्रमिकले न्यूनतम रोजगारमा संलग्नहुने दिन | रकम |
|---|---|---|---|---|---|---|
| १ | ढल्ले देखि कसेनीगोरेटो बाटो मर्मत | वडा नं.१ | | २० | १०० | १०,३४,०००/- |
| २ | तल्लापानी भृकुटी बालविकास फिल्ड मर्मत र चम्पापुर सम्मको गोरेटो निर्माण | वडा नं.१ | १५१ | १५ | १०० | ७,७५,५००/- |
| ३ | कलिकाआ.वि. पर्खाल निर्माण र फिल्ड मर्मत | वडा नं.१ | | १० | १०० | ५,१७,०००/- |
| ४ | काराखोला देखि पहेनीजामुने पानीचोसेकाढा गोरेटो बाटो निर्माण | वडा नं.१ | | १० | १०० | ५,१७,०००/- |
| | जम्मा | | | ५५ | ३०० | २८,४३,५००/- |
| ५ | धुराखाली देखि खिमडी सम्म सोलिङ | वडा नं. २ | | १५ | १०० | ७,७५,५००/- |
| ६ | कोल्तडी आमढाला सम्म बाटो सोलिङ | वडा नं. २ | | १० | १०० | ५,१७,०००/- |
| ७ | बजेडी चिरकट्टे सम्म बाटो सालिङ | वडा नं. २ | १६५ | १० | १०० | ५,१७,०००/- |
| ८ | पण्डोन देखि नारद्गे चिसिल्ले गोरेटोबाटो मर्मत | वडा नं. २ | | १५ | १०० | ७,७५,५००/- |
| ९ | पण्डोन कोल्तडी पर्खाल निर्माण | वडा नं. २ | | १० | १०० | ५,१७,०००/- |
| | जम्मा | | | ६० | ५०० | ३१,०२,०००/- |
| १० | जलुकुने सिचाई योजना | वडा नं. ३ | | १० | १०० | ५१७०००/- |
| ११ | बरपानीसिंचाई योजना | वडा नं. ३ | | १० | १०० | ५१७०००/- |
| १२ | ठूलीखाली सिंचाई योजना | वडा नं. ३ | ४९३ | १० | १०० | ५१७०००/- |
| १३ | फलेबिसौना सल्लेरी मोटरबाटो सोलिङ र धारा खोला सिचाई योजना | वडा नं. ३ | | १५ | १०० | ७,७५,५००/- |
| १४ | कालापाखा राजीरेक्था खानेपानी पाइपलाइन विस्तार | वडा नं. ३ | | १० | १०० | ५१७०००/- |
| १५ | रोंगामलेखा खापा पाईप् लाईन विस्तार | वडा नं. ३ | | १० | १०० | ५१७०००/- |
| १६ | चिउराढी राउन्ने धर्मशाला निर्माण | वडा नं. ३ | | १० | १०० | ५१७०००/- |
| १७ | रा.आ.वि. सल्लेरी पर्खाल निर्माण तथा भवन निर्माण | वडा नं. ३ | | १० | १०० | ५१७०००/- |
| १८ | पिपलीखेत देखि सुगरखाल स्कुल सम्म गोरेटो बाटो | वडा नं. ३ | | | | |
| | जम्मा | | | ८५ | ८०० | ४३,९४,५००/- |
| १९ | वडा कार्यालय पर्खाल निर्माण र ठुलीगाड नदि तटबन्धन | वडा नं. ४ | १२२ | १५ | १०० | ७,७५,०००/- |
| २० | वडा स्तरिय शाखा बाटो मर्मत तथा नाली निर्माण | वडा नं. ४ | | १० | १०० | ५१७०००/- |
| २१ | पट्नी बेल चौतारो निर्माण र धारा गोली सिचाइ कुलो | वडा नं. ४ | | १० | १०० | ५१७०००/- |

नवल सिंह रावल
अध्यक्ष

Scanned with CamScanner

नवल सिंह रावल
अध्यक्ष

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | मर्मत | | | | | |
| २३ | धुराखाली शान्तिपुर देखि बडीखर्क सम्म को सोलिंग निर्माण | वडा नं. ४ | | १० | १०० | ५१७०००/- |
| २४ | खिमडी ओखलढुंगा चिरकट्टे गोरेटोबाटो निर्माण | वडा नं. ४ | | १० | १०० | ५१७०००/- |
| | जम्मा | | | ५५ | ५०० | २८,४३,५००/- |
| २५ | सिमलवास खानेपानीनिर्माण योजना र गुफाजाने बाटो निर्माण योजना | वडा नं. ५ | २२३ | २० | १०० | १०,३४,०००/- |
| २६ | सिंगासनहुँदै चौकुने जोड्ने गोरेटो बाटो निर्माण | वडा नं. ५ | | १९ | १०० | ९,८२,३००/- |
| २७ | सल्लाघारी देखि गाजिन्ने जोड्ने गोरेटो बाटो निर्माण | वडा नं. ५ | | १० | १०० | ५१७००० /- |
| २८ | रजेगडा देखि डोप्पके जाने गोरेटो बाटो मर्मत | वडा नं. ५ | | १० | १०० | ५१७००० /- |
| | जम्मा | | | ५९ | ३०० | ३०,५०,३००/- |
| २९ | अजिङ्गरे सेतिखोर नारस्वती सुगरखालगोरेटो निर्माण | वडा नं. ६ | ४७१ | २० | १०० | १०,३४,००/- |
| | | | | | | |
| २९ | शाही टोल चौतारो निर्माण, बटालागाउँ सिचाई कुलो निर्माण र सोल्टा, टिउले बादेगौजागोरेटो बाटो निर्माण | वडा नं. ६ | | १५ | १०० | ७७५५००/- |
| ३० | पनेरी पसल चौतारो निर्माण र पनेरी पसल खानेपानी मुहान मर्मत/रुइनीकोट बजार देखि झोलुङ्गे पुल जाने बाटो | वडा नं. ६ | | १० | १०० | ५१७०००/- |
| ३१ | भैरवथान बाटो सोलीङ , सोल्टा चौतारो र रुनिकोट खानेपानी जाने बाटो मर्मत | वडा नं. ६ | | १० | १०० | ५१७०००/- |
| ३२ | पालबजार चौतारो निर्माण र पालबजार खानेपानी मुहान मर्मत | वडा नं. ६ | | १० | १०० | ५१७०००/- |
| ३३ | ठूलागडा सुगरखालगोरेटो बाटो निर्माण र कलब को फिल्ड मर्मत | वडा नं. ६ | | १० | १०० | ५१७०००/- |
| ३४ | सुनपाले अजिङ्गरे सडक मर्मत सोलिङ | वडा नं. ६ | | १० | १०० | ५१७०००/- |
| | जम्मा | | | ८५ | ७०० | ४३,९४,५००/- |
| ३५ | ओखडेकोट मोटरबाटो सोलिङ | वडा नं. ७ | ४६३ | १० | १०० | ५१७०००/- |
| ३६ | बाका देखि कसेनीगोरेटो बाटो निर्माण | वडा नं. ७ | | १० | १०० | ५१७०००/- |
| ३७ | ओखडेकोट चौतारो निर्माण र बादेखोलाओखडेकोट गोरेटोबाटो निर्माण | वडा नं. ७ | | १० | १०० | ५१७०००/- |
| ३८ | अरनिकोआ.वि. भवन, जगतथा घेरापर्खाल निर्माण | वडा नं. ७ | | १० | १०० | ५१७०००/- |
| ३९ | भ्युटावर मन्दिर जाने बाटो निर्माण | वडा नं. ७ | | १० | १०० | ५१७०००/- |
| ४० | बासगैरी देखि नौलाकोट सम्मको गोरेटोबाटो निर्गाण | वडा नं. ७ | | १० | १०० | ५१७०००/- |
| ४१ | सिरुगडा घट्ट देखि ज्यामिर मालचान सम्मको गोरेटो बाटो निर्माण | वडा नं. ७ | | १० | १०० | ५१७०००/- |
| ४२ | कचालीमिलन टोल देखि विद्यालय सम्मको सोलिङ | वडा नं. ७ | | १० | १०० | ५१७०००/- |
| | जम्मा | | | ८० | १०० | ४१,३६,०००/- |

<u>प्रस्ताव नं.१८ :–</u> ढुङ्गा,बालुवा,गिट्टी र ग्राभेलको बाँकी अवधिका लागी ठेक्का वन्दोवस्त र रजनी निर्माण सेवा र रेमि एण्ड सन्स कन्स्ट्रक्सनले गत आ.व.२०७६।०७७ को ठेक्का रकम मिनाह गर्ने वा असुल गर्ने सम्बन्धमा ।

<u>निर्णय नं.१८ :–</u>

ढुङ्गा,बालुवा,गिट्टी र ग्राभेलको यस आ.व.२०७७।०७८ को बाँकी अवधिका लागी ठेक्का वन्दोवस्त गर्ने सम्बन्धमा र गत आ.व.को २०७६।०७७ को लागी ढुङ्गा,बालुवा,गिट्टी र ग्राभेलको ठेक्का लिनु भएका रजनी निर्माण सेवा र रेमि एण्ड सन्स कन्स्ट्रक्सनले विश्वव्यापी फैलिएको कोभिड-१९ का कारण नेपाल सरकारले लक डाउन गरेका कारण काम गर्न नपाएकाले क्षतिपुर्ती सहित धरौटी फीर्ता माग गरेकाले सो सम्बन्धमा आवश्यक निर्णय लिनु पर्ने भएको हुँदा तपसिल अनुसारको छानविन समिति बनाउने छानविन समितिले ठेक्का वन्दोवस्तो गर्ने नगर्ने के गर्दा राम्रो हुन्छ र गत आ.व.को ठेक्का रकमको बारेमा फर्महरु

नवल सिंह रावल
अध्यक्ष

नवल सिंह रावल
अध्यक्ष

सँग के कुन प्रकृया अपनाउन सकिन्छ ? क्षतीपुर्ती दिनुपर्ने वा मिनाह गर्नु पर्ने सो का बारेमा छानबिन गरि प्रतिवेदन प्राप्त भए पछी सोही अनुसार गर्ने गराउने निर्णय गरियो ।

छानबिन समिति

१. उपाध्यक्ष श्री पुजा देवी बुढामगर – संयोजक

२. वडा अध्यक्ष श्री नबिन पुनमगर – सदस्य

३. वडा अध्यक्ष श्री देबिदत्त उपाध्याय – सदस्य

४. वडा अध्यक्ष नन्दाराम गिरी – सदस्य

५. कार्यपालिका सदस्य श्री बिशाल कुमार पहराइ–सदस्य

६. लेखापाल श्री भरत बहादुर सापकोटा – सदस्य सचिव

प्रस्ताव नं.१९ :– शिक्षक दरवन्दी (मिलान तथा व्यवस्थापन )कार्यविधि, २०७७ सम्बन्धमा ।

निर्णय नं.१९ :–

गाउँपालिकाको कार्यालयले तयार पारेको शिक्षक दरवन्दी (मिलान तथा ब्यवस्थापन )कार्यविधि, २०७७ लाई स्वीकृत गर्ने निर्णय गरियो ।

## शिक्षक दरबन्दी (मिलान तथा ब्यबस्थापन ) कार्यविधि,२०७७

प्रस्तावनाः नेपाल सरकार ,शिक्षा ,बिज्ञान तथा प्रबिधि मन्त्रालय बाट मिति २०७६/१०/१२ मानानीय मन्त्री स्तर बाट स्वीकृत शिक्षक दरबन्दी (मिलन तथा ब्यबस्थापन) कार्य बिधि २०७६ बमोजिम साबिकमा नेपाल सरकारले जिल्लागत रुपमा उपलब्ध गराएको प्राथमिक ,निम्न माध्यमिक र माध्यमिक तहका शिक्षक दरबन्दी तथा राहत अनुदान कोटा लाई शिक्षा ऐन २०२८ को दफा ११ को उपदफा (५) को खण्ड (च) बमोजिम दरबन्दी मिलानको कार्य स्थानीय तहगत रुपमा बाडफाड गरि दरबन्दी मिलान गर्न स्थानीय तह लाई जिम्मेवारी दिने भनि भनिएको निर्णयलाई प्रक्रियागत रुपमा सरल, सहज र पारदर्शी ढंग बाट कार्यान्वियन गर्न

यस मोहन्याल गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, खिमडी, कैलालीले यो कार्य बिधि बनाइ लागु गरेको छ ।

### परिच्छेद -१
### प्रारम्भिक

१.संक्षिप्त नाम प्रारम्भ :

(१) यस कार्यविधिको नाम :शिक्षक दरबन्दी (मिलन तथा ब्यबस्थापन)कार्यविधि ,२०७७ रहेको छ।

(२) यो कार्यविधि कार्यपलिकाबाट स्वीकृत भएको मिति देखि प्रारम्भ हुनेछ ।

२.परिभाषा :बिषय वा प्रसङ्ग ले अर्को अर्थ नलागेमा यस कार्य विधिमा –

(क) "इकाइ" भन्नाले शिक्षा विकास तथा समन्वय इकाइ सम्झनु पर्छ।

(ख) "ऐन" भन्नाले शिक्षा ऐन ,२०२८ सम्झनु पर्छ।

(ग) "नियमावली" भन्नाले शिक्षा नियमावली,२०५९ सम्झनु पर्छ

(घ) "दरबन्दी" भन्नाले सामुदायिक बिधालयमा नेपाल सरकार बाट प्राप्त भएको स्वीकृत दरबन्दी सम्झनु पर्छ तथा राहत अनुदान समेत लाई जनाउन्छ ।

(ङ) "केन्द्र" भन्नाले शिक्षा तथा मानव श्रोत विकास केन्द्र सम्झनु पर्छ।

(च) "प्रधानाध्यापक" भन्नाले सामुदायिक बिधालय को प्रधानाध्यापक वा प्रधानाध्यापकको जिम्मेवारी लिएको शिक्षक सम्झनु पर्छ।

(छ) "प्रमुख" भन्नाले शिक्षा विकास तथा समन्वय इकाइको प्रमुख सम्झनु पर्छ ।

(ज) "मन्त्रालय "भन्नाले शिक्षा बिज्ञान तथा प्रबिधि मन्त्रालय सम्झनु पर्छ ।

(झ) "बिधालय" भन्नाले कानुन बमोजिम अनुमति वा स्वीकृत लिइ संचालनमा रहेका सामुदायिक बिधालय लाई सम्झनु पर्छ ।

(ञ) "गाउपालिका " भन्नाले मोहन्याल गाउपालिका सम्झनु पर्छ।

नवल सिंह रावल
अध्यक्ष

Scanned with CamScanner

नवल सिंह रावल
अध्यक्ष

## परिच्छेद-२
## शिक्षक दरबन्दी मिलान सम्बन्धि व्यवस्था

३.शिक्षक दरबन्दी मिलान :शिक्षक दरबन्दी मिलान देहायको आधारमा गरिने छ :-

(क) नियमावलीले हिमाल,पहाड तथा तराइका लागि कायम गरेको शिक्षक विधार्थी अनुपात क्रमश: चालिस,पैंचालिस र पचास लाई र सो नियेमावालिको अनुसूची १२ मा उल्लेख भएको विधालयमा रहनु पर्ने दरबन्दी को आधारमा बि.स.२०७५ साल फाल्गुन २३ गते सम्म अनलाईन प्रणाली बाट भरिएको शैक्षिक तथ्याक साथै शैक्षिक सत्र २०७६ को विधार्थी संख्या र तराई का लागि शिक्षक विधार्थी अनुपात पचास , स्थानीय तह को शिक्षक को मौजुदा अवस्था र आवश्यकता पहिचान को आधार मा गरिने छ |

(ख) दरबन्दी पुन वितरण गर्दा साविक मा रहेका प्राथमिक तह(कक्षा १-५),निम्न माध्यमिक तह (कक्षा६-८),माध्यमिक तह (कक्षा ९ र १०) र उच्च माध्यमिक तह (कक्षा ११ र १२ ) लाई आधारका रुपमा लिइनेछ साथै नेपाल सरकारले बिधालय लाई उपलब्ध गराएको प्राथमिक,निम्न माध्यमिक ,माध्यमिक र उच्च माध्यमिक तहको दरबन्दी , राहत अनुदान लाई समेत गणना गरिनेछ |

(ग)शिक्षक आवश्यकताको पहिचान गर्दा कतिपय प्राथमिक विधालयमा विधार्थी संख्या अनुपात मा बडी हुन आउने दरबन्दी लाई प्राथमिकता को आधारमा शुन्य दरबन्दी भएका प्राथमिक बिधालयमा प्रदान गरेर परिपूर्ति गरिनेछ तर एकमुष्ठ अनुदानको लागि छनौट भएका विधलायालाई दरबन्दी दिइने छैन |

(घ) कुनै विधालयमा माथिल्लो तहमा दरबन्दी अपुग भएको अवस्था मा तल्लो तहमा बडी भएको रहेछ भने सबै तहको शिक्षक दरबन्दी एकमुस्ट गणना गरि नियेमावाली बमोजिम न्युनतम दरबन्दी सुनिश्चित गरि मिलान गरिने छ साथै प्राथमिक तह मा बचत हुने र निम्न माध्यमिक तहमा र माध्यमिक तह मा नपुग हुने दरबन्दी केन्द्र बाट थप दरबन्दी प्रदान नगरी सकेको अवस्था सम्म हाल प्राथमिक तह मा बडी हुन आउने दरबन्दी कट्टा नगरी सोहि दरबन्दी बाट पूर्ति गरिनेछ |

(ङ) शिक्षक दरबन्दी मिलन र पुन वितरण गर्दा शिक्षक दरबन्दी मिलन तथा ब्यबस्थापन २०७६ बमोजिम सामाजिक न्याय ,समानुपातिक वितरण,भौगोलीक विषमता लाई ध्यान दिदै गुणस्तरीय शिक्षा प्रवद्धनमा जोड दिन बिधालय स्तर मा बडी भएको दरबन्दी पालिका भित्र अपुग विधालयमा र स्थानीय तह मा बडी भएको दरबन्दी जिल्लामा मिलान गरिने छ |

(च) विधालयको विधार्थी संख्याको अनुपातमा शिक्षक संख्या बढी भएको अवस्थामा कुनै कारण बाट दरबन्दी रित्त हुन आएमा दरबन्दी मिलन कार्य सम्पन्न नभए सम्म त्यस्ता विधालयले रित्त पदपूर्ति नगर्ने र पालिकामा दरबन्दी मिलन पछि मात्र पदपूर्ति गर्ने |

## परिच्छेद -३
## शिक्षक ब्यबस्थापन

४)शिक्षक ब्यबस्थापन सम्बन्धि ब्यबस्था:

(क) स्थानीय तह ले आफ्ना तहका लागि यकिन भएको दरबन्दी आफ्नो क्षेत्रको एक विधालय बाट अर्को बिधालयमा मिलान गर्नुपर्ने छ| त्यसरी मिलान गर्दा अपाङ्गता भएको र महिला शिक्षक लाई सम्भव भए सम्म पायक पर्ने गरि मिलान गर्नु पर्ने छ|

(ख)स्थाई तथा राहत दरबन्दी स्थानान्तरण गर्दा शुन्य दरबन्दी भएका विधालय लाई प्राथमिकतामा राखिने छ र बाकी उच्च विधार्थी चाप भएका विधालयलाई प्राथमिकतामा राखिने छ|

(ग) स्थानीय तहका अन्य विधालयमा स्वेच्छाले जना चाहने शिक्षकका लागि निवेदन आव्हान गरि प्राप्त निवेदनको छानविन गरि उपयुक्तता समेत हेरी स्थानान्तरण गरिने छ|

तर यसरि शिक्षकको स्थानान्तरण गर्दा महिला र अपाङ्गता भएको शिक्षक लाई यथाशक्य घरपायक पर्ने गरि स्थानान्तरण गरिनेछ |

(घ) खण्ड (ग) बमोजिम निवेदन दिने शिक्षक को संख्या धेरै हुन आएमा महिला शिक्षक लाई प्राथमिकता दिइ बाकी दरबन्दी को हक मा शिक्षकको नियुक्ति मितिको जेष्ठता को आधारमा स्थानान्तरण गरिनेछ|

(ङ) स्थाई,करार मा कार्यरत तथा राहत अनुदान मा कार्यरत शिक्षक लाई निज ले लिएको नियुक्ति मिति को आधार लिई कनिष्ठताको आधार मा स्थानान्तरण गरिनेछ|

नवल सिंह रावल
अध्यक्ष

Scanned with CamScanner

नवल सिंह रावल
अध्यक्ष

च) स्वइच्छाको हकमा जेष्ठता र स्वइच्छा बेगरको हकमा कनिष्ठाताको आधारमा शिक्षक ब्यबस्थापन गरिने छ|

## परिच्छेद-४
## विविध

५.स्थानीय तह ले बिधालय संग समन्वय गरि स्थानीय तह मा रहेको खुद रिक्त दरबन्दी,करार मा रहेको शिक्षक ,अस्थाई शिक्षक तथा स्थाई शिक्षक हरुको विवरण र सुची आफ्नो अभिलेख संग भिडाई एकिन गर्ने ,

६.स्थानीय तहले केन्द्र ले प्रदान गरेका निर्देशन र नियमको परिधि भित्र रही मिलान कार्य गर्ने छ |

७. शिक्षक स्थानान्तरण गर्दा निवेदन आहवान गरि स्वेच्छिक स्थानान्तरणको ब्यवस्था मिलाउने र सम्भव भए सम्म महिला शिक्षक लाई घर पायक पर्ने व्यवस्था मिलाइनेछ |

८.स्थानीय स्थित शिक्षक महासंघ तथा शिक्षकका पेशागत संघ सङ्गठन हरु संग कार्यविधिमा तोकिएको आधार मा छलफल गरि जानकारी गराइने छ|

९.शिक्षक स्थानान्तरण भएको स्थानमा जानु पर्ने :

यस कार्यविधि बमोजिम स्थानान्तरण भएका शिक्षकहरु प्रचलित कानुनले तोकेको समय भित्र स्थानान्तरण भएको बिधालयमा अनिवार्य रुपमा हाजिर हुनु पर्ने छ |येसरी तोकिएको समएमा हाजिर हुन नजाने शिक्षक हरु लाई सम्बन्धित बिधालयले हाजिर गराउन बाध्य हुने छैन |

१०.मिलान भै आएको शिक्षकलाई बिधालयले अनिवार्य रुपमा हाजिर गराउनु पर्ने छ|

११.दरबन्दी सहित वा यस कार्यविधि बमोजिम स्थानान्तरण भै आएका शिक्षक लाई बिधालयले अनिवार्य रुपमा हाजिरी गराउनु पर्ने छ |

१२ .प्रधानाध्यापक जिम्मेवार हुंने :

यस कार्यविधि बमोजिम दरबन्दी पुन वितरण तथा शिक्षक ब्यबस्थापन को कार्य बाट स्थानान्तरण भै आएका शिक्षक लाई बिधालयमा हाजिरी गराउने तथा स्थानान्तरण भै जाने शिक्षक लाई रमाना दिने जिम्मेवारी सम्बन्धित बिधालयको प्रधानाध्यापकको हुनेछ |

१३ .सहयोग लिन सक्ने :

स्थानीय तह ले दरबन्दी पुन वितरण तथा शिक्षक ब्यबस्थापन गर्दा आइपर्ने समस्या समाधान का लागि जिल्ला शिक्षा तथा समन्वय इकाइ को सहयोग लिन सक्ने छ |

१४ .समन्वय र सहजीकरण गर्ने : दरबन्दी पुन वितरण तथा शिक्षक ब्यबस्थापनको सन्दर्भ मा आफ्नो बिधालय बाट दरबन्दी कट्टा हुने अवस्था आएमा वा आफ्नो बिधालय मा स्थानान्तरण भै आएमा उक्त कार्य का लागि सम्बन्धित बिधालयको बिधालय ब्यबस्थापन समितिले समन्वय र सहजीकरण गर्नु पर्ने छ |

१५. दरबन्दी मिलन र शिक्षक व्यबस्थापन: बिधार्थी शंख्याको आधारमा शैक्षिक सत्रको सुरुमा दरबन्दी मिलान र शिक्षक ब्यवस्थापन गरिने छ|

१६. कार्यविधि संशोधन: यस कार्यविधिमा संशोधन गर्नु परेमा कार्यपालिकाले प्रचलित कानुन संग नबाझीने गरि गर्न सक्ने छ|

१४.बाझिएमा अमान्य हुने :यो कार्य विधिको कुनै ब्यबस्था प्रचलित कानुन संग बाझिएमा बाझिएको हद सम्म कार्यविधिको व्यवस्था अमान्य हुने छ|

<u>प्रस्ताव नं.२० :-</u> शिक्षा,स्वास्थ्य र कृषि बजेट उपशिर्षकको बार्षिक कार्यक्रम स्वीकृत गर्ने सम्बन्धमा ।

<u>निर्णय नं.२० :-</u>

यस गाउँपालिका अन्तर्गत बिपयगत शाखाहरुको एकमुष्ठ रकम लाई देहाय अनुसार बाँडफाँड गरि कार्यक्रम संचालन गर्ने निर्णय गरियो ।

नवल सिंह रावल
अध्यक्ष

Scanned with CamScanner

## पशु तर्फको कार्यक्रम, आ.व. २०७७/०७८

| सि.नं. | आयोजनाको नाम प्रमुख कार्य | ईकाई | वार्षिक लक्ष्य | | | प्रथम चौमासिक | | | द्वितिय चौमासिक | | | तृतिय चौमासिक | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | भौतिक परिमाण | भार | वार्षिक वजेट | भौतिक परिमाण | भार | वार्षिक वजेट | भौतिक परिमाण | भार | वार्षिक वजेट | भौतिक परिमाण | भार | वार्षिक वजेट | |
| १ | अध्यक्ष कृषि आधुनिकरण परियोजना | | | | | | | | | | | | | | |
| २.० | वाखा खरिद तथा ढुवनी | संख्या | ४९० | ५,७०० | ३,०१३,००० | ० | ० | ० | ० | ० | ० | ४९० | ५७०० | ३,०१३,००० | |
| ३.० | | | | | - | ० | ० | ० | ० | ० | ० | ० | ० | - | |
| ४.० | स्थलगत घुम्ती सिवीर | संख्या | २ | २५००० | ५०,००० | | | | | | | २ | २५००० | ५०,००० | |
| ५.० | अध्यक्ष कृषि आधुनिकरण परियोजना कृषि कर्मचारी व्यावस्थापन | संख्या | २ | २७०००० | ५४०,००० | | | १८०,००० | | | १८०,००० | | | १८०,००० | |
| ६.० | कार्यक्रम संचालन तथा अनुगमन खर्च | एकमुस्ट | | | २००,००० | | | | १ | ५०००० | ५०००० | १ | ० | - | |
| | | | | | | | | | | | | | | | |
| ७ | आकस्मिक सेवा उपचार खर्च | एकमुस्ट | | | ४९०,८१० | | | | | | | | | | |
| ८.० | स्थलगत व्यवसायी वाखा पालन तालिम | संख्या | ७ | १०००० | ७०,००० | | | ० | | | | ७ | १०००० | ७०,००० | |
| ९.० | उन्नत घास विउ वेल्ना वितरण | संस्या | ७ | २०००० | १४०,००० | | | | | | | १ | २०००० | २०,००० | |
| १०.० | डिपिङ ड्याम्प | संख्या | ७ | १०००० | ७०,००० | | | ० | | | | ७ | १०००० | ७०,००० | |
| ११.० | पशु वन्ध्याकरण | संख्या | ७ | ४०००० | २८०,००० | ० | ० | ० | | | | १०० | २०० | २०,००० | |
| १२.० | एक गाउँ एक प्रविधिक तलब र सेवा सुविधा | संख्या | १ | | ३००,००० | | | ० | | | | १ | ० | - | |
| १३ | स्थानिय निकाय संग समिक्षा गोष्ठी | पटक | २ | १००००० | २००,००० | | | - | | | | | | १८०,००० | |
| १४ | पशु नियन्त्रण खोर | वटा | ७ | २०००० | १४०,००० | | | | | | | | | | |
| १५.० | कृषक भ्रमण | पटक | १ | ४००००० | ४००,००० | ० | ० | ० | ३ | ४००००० | १२००००० | ४ | ४००००० | १६००००० | |
| १६.० | मोटर साइकल खरिद | संख्या | १ | २५०००० | २५०,००० | ० | ० | ० | १४ | २५०००० | ३५००००० | ० | ० | | |
| १७.० | कार्यलय व्यवस्थापन | एकमुस्ट | | | १९९,१९० | ० | ० | ० | १ | ० | ० | ० | ० | | |
| १८ | हाटबजार प्रवधन तथा व्यवस्थापन | एकमुस्ट | | | १५७,००० | | | | | | | | | | |
| | जम्मा | | | | ६,५००,००० | | | | | | | | | | |

नवल सिंह रावल
अध्यक्ष

## कृषि तर्फको कार्यक्रम, आ.व. २०७९/०८०

| सि.नं. | कार्यक्रमको नाम/मुख्य कार्य | ईकाई | भौतिक परिमाण | भार | गा.पा. बजेट | संघीय अनुदान (शसर्त) | प्रथम चौमासिक: भौतिक परिमाण | प्रथम चौमासिक: भार | प्रथम चौमासिक: वार्षिक बजेट | द्वितीय चौमासिक: भौतिक परिमाण | द्वितीय चौमासिक: भार | द्वितीय चौमासिक: वार्षिक बजेट | तृतीय चौमासिक: भौतिक परिमाण | तृतीय चौमासिक: भार | तृतीय चौमासिक: वार्षिक बजेट | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना | | | | | | | | | | | | | | | |
| १.१ | [illegible] पकेट कार्यक्रम | पकेट | ४ | ३००००० | १२००००० | ३,०००,००० | ० | ० | ० | ० | ० | ० | ४ | ३००००० | १२००,००० | |
| १.४ | प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना कृषि कर्मचारी व्यवस्थापन | संख्या | ४ | | २,७३१,०८० | | | | - | | | - | | | २,७३१,०८० | [illegible] |
| १.५ | कार्यक्रम संचालन तथा अनुगमन खर्च | पटक | १ | ३०००० | ३०,००० | | | | | | | | १ | ३०००० | ३०,००० | |
| | जम्मा | | | | ३,९६१,०८० | ३,०००,००० | - | - | - | - | | - | | | ३,९६१,०८० | |
| २ | [illegible] विकास कार्यक्रम | | | | | | | | | | | | | | | |
| २.१ | [illegible] ७०% अनुदान | [illegible] | | | ५००,००० | २,१००,००० | | | | | | | ० | ० | २,१००,००० | |
| २.२ | कार्यक्रम संचालन तथा अनुगमन खर्च | पटक | १ | १००००० | १००,००० | | | | | | | | १ | १००००० | १००,००० | |
| | जम्मा | | | | ६००,००० | २,१००,००० | | | | | | | | | २,२००,००० | |
| ३ | बाली विकास कार्यक्रम | | | | | | | | | | | | | | | |
| ३.१ | [illegible] अनुदान वितरण | संख्या | ७ | १५००० | १०५,००० | | | | | | | | ७ | १५००० | १०५,००० | |
| ३.२ | [illegible] | पटक | २ | १०००० | २०,००० | | | | | | | | २ | १०००० | २०,००० | |
| ३.३ | [illegible] | संख्या | ४ | १०००० | ४०,००० | | | | | | | | ४ | १०००० | ४०,००० | |
| ३.४ | [illegible] | संख्या | ५० | २०० | १०,००० | | | | | | | | ५० | २०० | १०,००० | |
| ३.५ | कार्यक्रम संचालन तथा अनुगमन खर्च | पटक | १ | १००००० | १००,००० | | | | | | | | १ | १००००० | १००,००० | |
| | जम्मा | | | | २७५,००० | - | | | - | | | | | | २७५,००० | |
| ४ | [illegible] सहकारी तथा [illegible] कार्यक्रम | | | | | | | | | | | | | | | |
| ४.१ | [illegible] सहकारी [illegible] | संख्या | ४ | १०००० | ४०,००० | | | | | | | | ४ | १०००० | ४०,००० | |

नवल सिंह रावल

| | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ४.२ | प्लास्टिक घरभित्र तरकारी थोपा सिंचाई कार्यक्रम (५०% अनुदान कार्यक्रम) | संख्या | ७ | २०००० | १४०,००० | | | | | | | | ७ | २०००० | १४०,००० | |
| ४.३ | कार्यक्रम संचालन तथा अनुगमन खर्च | पटक | १ | ५०००० | ५०,००० | | | | | | | | १ | ५०००० | ५०,००० | |
| | जम्मा | | | | २६०,००० | - | | | ० | | | ० | | | २६०,००० | |
| ५ | कृषि प्रसार कार्यक्रम | | | | | | | | | | | | | | | |
| ५.१ | कृषि प्रविधि सम्बन्धी स्थलगत तालिम संचालन | संख्या | ७ | १०००० | ७०,००० | | | | | | | | ७ | १०००० | ७०,००० | |
| ५.२ | कृषक दर्ता व्यवस्थापन कार्यक्रम (कागजात छपाई) | एकमुस्ट | १ | | १०,००० | ३००,००० | | | | | | - | १ | ० | ३१०,००० | निरन्तर |
| | कृषि तथा पशुपन्छी सम्बन्धी तथ्यांक अध्यावधिक कार्यक्रम | | | | ५०,००० | १००,००० | | | | | | | १ | ० | १५०,००० | |
| ५.३ | तरकारी मिनिकिट वितरण | संख्या | ७०० | १५० | १०५,००० | | | | | | | | ७०० | १५० | १०५,००० | |
| ५.४ | अगुवा कृषक क्षमता अभिवृद्धि तालिम कार्यक्रम | पटक | १ | ३००००० | ३००,००० | | | | | | | | १ | ३००००० | ३००,००० | |
| ५.५ | कृषि आधुनिकरणका लागि यान्त्रिकरणमा सहयोग (५०% अनुदान) (कुट स्प्रेयर, सिकेचर, आरा, कर्न सेलर, ब्रसकटर, हजारी, स्प्रेयर, केट, मिनिटेलर) | पटक | १ | ६५०००० | ६५०,००० | | | | | | | | १ | ६५०००० | ६५०,००० | |
| ५.६ | कृषक भ्रमण | पटक | १ | ४००००० | ४००,००० | | | | | | | | १ | ४००००० | ४००,००० | |
| ५.७ | कृषी हाटबजार व्यवस्थापन तथा प्रवर्धन | संख्या | १ | २००००० | २००,००० | | | | | | | | | | २००,००० | |
| | जम्मा | | | | १,७८५,००० | ४००,००० | | | - | | | - | | | २,१८५,००० | |
| ६ | माटो परिक्षण तथा सेवा सुधार कार्यक्रम | | | | | | | | | | | | | | | |
| ६.१ | माटो परिक्षण शिविर | पटक | १ | १५०००० | १५०,००० | | | | | | | | १ | १५०००० | १५०,००० | |
| ६.२ | स्थलगत तालिम संचालन | संख्या | ७ | १०००० | ७०,००० | | | | | | | | ७ | १०००० | ७०,००० | |
| | जम्मा | | | | २२०,००० | - | | | | | | | | | २२०,००० | |
| ७ | बाली संरक्षण कार्यक्रम | | | | | | | | | | | | | | | |
| ७.१ | आकस्मिक बाली संरक्षण कार्यक्रम (रोग किरा व्यवस्थापनमा सहयोग) | पटक | १ | १००००० | १००,००० | | | | | | | | १ | १००००० | १००,००० | |
| ७.२ | कार्यक्रम संचालन तथा अनुगमन खर्च | एकमुस्ट | १ | ५०००० | ५०,००० | | | | | | | | १ | ५०००० | ५०,००० | |

अध्यक्ष

| | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | जम्मा | | | | १५०,००० | - | | | | | | | | | १५०,००० | |
| ८ | मौरी पालन कार्यक्रम | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | |
| | जम्मा | | | | - | - | | | - | | | | | | - | |
| ९ | एक गाउँ एक प्राबिधिक कर्मचारी तलब | जना | ४ | | ८८१,०८० | - | | | | | | | | | ८८१,०८० | |
| १० | प्रशासनिक तथा कार्यालय ब्यावस्थापन | | | | | | | | | | | | | | - | |
| १०.१ | कार्यलय ब्यावस्थापन तथा कार्यलय आवश्यक मेसिनरी खर्च | सेट | १ | १८४८४० | १८४,८४० | | | | | | | | | | १८४,८४० | |
| १०.२ | मोटर साइकल खरिद | बटा | १ | २६०००० | २६०,००० | | | | | | | | | | २६०/००० | |
| १०.३ | इन्धन खर्च | बटा | १२ | ४००० | ४८,००० | | | | | | | - | | | ४८,००० | |
| १०.४ | सचार खर्च तथा बिज्ञापन | | | | २५,००० | | | | - | | | - | | | २५,००० | |
| | जम्मा | | | | ५१७,८४० | - | | | | | | | | | ५१७,८४० | |
| | कुल जम्मा (१+२+३+४+५+६+७+८+९+१०) | | | | ८,५००,००० | ४,५००,००० | | | | | | | | | १३,०००,००० | |

नवल सिंह रावल
अध्यक्ष

शिक्षा तर्फको कार्यक्रम आ व २०७७/०७८

| क्र सं | विवरण | विद्यालय को नाम | अनुदान रकम | कैफियत |
|---|---|---|---|---|
| | पूर्ण दरबन्दी नपुगेका मा वि | | | |
| १ | | श्री कालिका मा वि मोहन्याल ६ ओखुरे | १९५,००० | |
| २ | | श्री चित्रमाला मा वि मोहन्याल ३ गाडीखाल | १९५,००० | |
| ३ | | श्री शान्ति मा वि मोहन्याल ३ फलीबिसौनी | १९५,००० | |
| ४ | | श्री महेन्द्र मा वि मोहन्याल २ कोलाडी | १९५,००० | प्रति महिना |
| ५ | | श्री राष्ट्रिय मा वि मोहन्याल ५ पत्ला | १९५,००० | १५,००० का दर ले |
| ६ | | श्री मोहन्याल मा वि मोहन्याल १ बोहेकाभाई | १९५,००० | १३ महिना बराबर |
| | | | ११७०,००० | |
| | पूर्ण दरबन्दी नपुगेका नि मा वि | | | |
| १ | | श्री भैरव आ वि मोहन्याल ७ गोलाकोट | १५६,००० | |
| २ | | श्री जनता आ वि मोहन्याल ७ बागेरेवा | १५६,००० | |
| ३ | | श्री कालिका मा वि मोहन्याल ६ ओखुरे | १५६,००० | |
| ४ | | श्री दिपेन्द्र आ वि मोहन्याल ३ भाकुरी | १५६,००० | |
| ५ | | श्री राष्ट्रिय आ वि मोहन्याल ३ सल्लेरी | १५६,००० | |
| ६ | | श्री मोहन्याल मा वि मोहन्याल १ बोहेकाभाई | १५६,००० | |
| ७ | | श्री पोखराली आ वि मोहन्याल ३ कुन्नपानि | १५६,००० | |
| ८ | | श्री मोहन्याल आ वि मोहन्याल ४ पटेली | १५६,००० | |
| ९ | | श्री कालिका आ वि मोहन्याल २ चिरिकाटे | १५६,००० | |
| १० | | श्री मालिका आ वि मोहन्याल २ नावली | १५६,००० | प्रति महिना |
| ११ | | श्री राष्ट्रिय आ वि मोहन्याल १ चौसेकडा | १५६,००० | १२००० का दर ले |
| १२ | | श्री कालिका आ वि मोहन्याल १ रावसा | १५६,००० | १३ महिना बराबर |
| १३ | | श्री राष्ट्रिय आ वि मोहन्याल ५ कलोजे | १५६,००० | |
| १४ | | श्री महाबणडाली आ वि मोहन्याल ७ ओखदेकोट | १५६,००० | |
| | | | २१८४,००० | |
| | पूर्ण दरबन्दी नपुगेका प्रा वि | | | |
| १ | | श्री जनजागृति प्रा वि मोहन्याल ७ ज्यामिरे | १५६,००० | |
| २ | | श्री जनजागृति प्रा वि मोहन्याल ३ सवौरिखवा | १५६,००० | |
| ३ | | कर्णाली शिक्षा सदन मोहन्याल ७ कर्णाली | १५६,००० | |
| ४ | | श्री जनता प्रा वि मोहन्याल ४ शान्तिपुर | १५६,००० | प्रति महिना |
| ५ | | श्री अरुणोदय प्रा वि मोहन्याल ५ मालिका | १५६,००० | १२००० का दर ले |
| ६ | | श्री शिव कल्याणी प्रा वि मोहन्याल १ पायागाउँ | १५६,००० | १३ महिना बराबर |
| | | | ९३६,००० | |
| | बालविकास अनुदान | | | |
| १ | | श्री त्रिवेणी मा वि मोहन्याल ७, बडीगाउँ | ४५६,६९० | ३५,१३० स्केलका दर ले १३ महिना |
| | उच्च मा वि अनुदान | | | |
| १ | | श्री त्रिवेणी मा वि मोहन्याल ७, बडीगाउँ | १,२०,००० | |
| २ | | श्री शान्ति मा वि मोहन्याल ३, फलीबिसौनी | १,२०,००० | |
| ३ | | श्री राष्ट्रिय मा वि मोहन्याल ६, सौल्टा | १,२०,००० | |
| ४ | | श्री त्रिकुटेश्वर मा वि मोहन्याल ४, खिमड्डी | १,२०,००० | |
| | १ मात्र दरबन्दी भै नि मा वि सम्म विद्यालय संचालन र विद्यार्थी सहयोग उच्च चाप अनुदान | | | |
| १ | | श्री जनता नि मा वि मोहन्याल ७, बागेरेवा | १००००० | |
| | १ मात्र दरबन्दी भै प्रा वि सम्म विद्यालय संचालन र विद्यार्थी सहयोग उच्च चाप अनुदान | | | |
| १ | | श्री जनजागृति प्रा वि मोहन्याल ७, | ६०,००० | |
| | नि मा वि कार्यालय व्यवस्थापन अनुदान | | | |
| १ | | श्री अर्निको आ वि मोहन्याल ७, कुइने | ५०००० | |
| २ | | श्री नवदुर्गा आ वि मोहन्याल ३, लामा | ५०००० | |
| ३ | | श्री सुनापल आ वि मोहन्याल ५, बिरबेत | ५०००० | |
| | | | १५०००० | |
| | प्रा वि कार्यालय व्यवस्थापन अनुदान | | | |
| १ | | सुनपाल प्रा वि मोहन्याल २, नारेंग | ३०००० | |
| २ | | त्रिकुटी प्रा वि मोहन्याल २, पाण्डौन | ३०००० | |
| ३ | | जनप्रिय आ वि ७, राजकाढा | ३०००० | |
| ४ | | कर्णाली प्रा वि मोहन्याल ३, रेंगामखा | ३०००० | |
| ५ | | सुनपाल प्रा वि मोहन्याल ३, साभा | ३०००० | |
| | | | ३०००० | |

Scanned with CamScanner

| | | | | |
|---|---|---|---|---|
| ६ | | मोहन्याल प्रा वि ४ खलुवातु | ३०००० | |
| ७ | | रातृिम प्रा वि मोहन्याल ४ राज्मा | ३०००० | |
| ८ | | सरस्वति प्रा वि मोहन्याल ५ राधाखाली | ३०००० | |
| ९ | | धम्कोट आ वि ५ धम्कोट | ३०००० | |
| १० | | जनजागृति प्रा वि मोहन्याल ५ पाल्सा | ३०००० | |
| ११ | | बिधान्चल प्रा वि मोहन्याल ५ नौलाद | ३०००० | |
| १२ | | सरस्वति प्रा वि ६ सीतिखोर | ३०००० | |
| १३ | | चिउरेली प्रा वि ६ तिउले | ३०००० | |
| १४ | | पासांग प्रा वि ७ कसेनी | ३०००० | |
| १५ | | मोहन्याल आबी ६ बादगौजा | ३०००० | |
| | | | ४५०००० | |
| | छापानुक्त कक्षा कोठा अनुदान | प्रति वडा १ बिधालय | ३५०००० | रु ५०००० का दर ले |
| | समुदाय का बालविकास लाई अनुदान | | | |
| १ | | ४४ वटा बालविकास हरु लाई | ३४९८००० | प्रति बिधालय ६००० का दरले र |
| | | ७ वटा मातृ बिधालय लाई | ४२,००० | प्रति बिधालय ६,हज |
| | | | ३५००००० | |
| | आधारभूत तह परिक्षा अनुदान | | | |
| | बालविकास तालिम | दुई शिफ्ट | १२,००,००० | २ दिने बाटो खर्च र |
| | ७८ बिधार्थीको लागि कलासको अनुदान | | १०८००० | |
| | | | | |
| | कार्यालय व्यवस्थापन | | | |
| | जम्मा | | २१५९३० | |
| | | | [illegible] | |

नवल सिंह रावल
अध्यक्ष

## गाउँपालिका स्वास्थ्य तर्फको आ.व.२०७७।०७८

| क्र.स. | खर्च शिर्षक | आवश्यक रकम | कैफियत |
|---|---|---|---|
| १ | करारका कर्मचारीहरुको तलब भत्ता पोषाक, | ६९,३०,०६० | अपुग रकम संघिय सरकारबाट हस्तान्तरित मातृ तथा नवजात शिशु कार्यक्रमबाट रु ९,५८,००० । र स्वास्थ्य चौकी नभएका वडाहरुमा आधारभुत स्वास्थ्य सेवा केन्द्र सञ्चालन खर्चबाट रु ६,५०,००० । त.भ.भुक्तानी हुने गरी र नपुग रकम संघिय सरकारबाट माग गर्ने गरी । |
| २ | प्रशासनिक तथा कार्यालय सञ्चालन | १,००,००० | |
| ३ | छपाई | १,००,००० | |
| ४ | औषधी तथा उपकरण | ९,५०,००० | |
| ५ | सुत्केरी खाना खर्च | ३,००,००० | |
| ६ | राष्ट्रिय म.स्वा.से. प्रोत्साहन रकम ८०० प्रती महिना | ६,७२,००० | |
| ७ | म्याटेर्नर्नटी वेटिङ्ग होम स्थापना( मोहन्याल र पण्डौन ) मा | ६०,००० | |
| ८ | ग्रामिण भिडियो एक्सरे कार्यक्रम | १,००,००० | |
| ९ | स्वास्थ्य सम्बन्धी मासिक, चौमासिक तथा वार्षिक समिक्षा | ३४०००० | |
| १० | अनुगमन तथा सुपरिवेक्षण | १,५०,००० | |
| ११ | पहुच नपुगेका स्थानमा परिवार नियोजन कार्यक्रम | १,००,००० | |
| १२ | पुर्णखोप सुनिश्चितता तथा दिगोपना घोषणा | ३,२०,००० | |
| १३ | ढुवानी | १,५०,००० | |
| १४ | स्वास्थ्य संस्थाबाट टाढा घर भएका सुत्केरी पश्चात घरभेट खर्च प्रती सुत्केरी ५०० का दरले स्वास्थ्यकर्मी परिचालन र गर्भवतीलाई आयोडिन नुन वितरण | २,०७,९४० | |
| १५ | स्त्रीरोग सम्बन्धी निदान तथा व्यवस्थापन | २,३०,००० | |
| १६ | सुत्केरीकालागी पेण्टी र प्याड | ५०,००० | |
| १७ | स्वास्थ्य संस्थाकालागी प्रशासनिक खर्च | ५,६०,००० | |
| १८ | पण्डौन स्वा.चौकी/सुगरखाल अस्पतालमा चिकित्सक व्यवस्थापन र प्रोत्साहन खर्च | ४,८०,००० | |
| १९ | विविध | २,००,००० | |
| २० | जम्मा रकम रु | १,२०,००,००० | |

**प्रस्ताव नं.२१ :-** ग्रामिण जलस्रोत परियोजनाका योजनाहरुमा म्याचिङ्ग फण्ड सम्बन्धमा ।

**निर्णय नं.२१ :-**

यस गाउँपालिका र ग्रामिण जलस्रोत व्यवस्थापन परियोजनाको सहयोगमा संचालित खानेपानी तथा सरसफाई योजना, जिविकोपार्जन योजनाहरुमा नियमानुसार दिनुपर्ने समपुरक रकम सम्पन्न भैसकेका योजनाहरुमा प्राथमिकतामा राखी म्याचिङ्ग फण्ड रु.२००००००/- (अक्षेरुपी बिस लाख मात्र) भुक्तानी दिने र बाँकी भुक्तानीको हकमा दायित्व सृजना गरी आगामी आ.व.को समपुरकको रकम बाट भुक्तानी दिने निर्णय गरियो ।

नवल सिंह रावल
अध्यक्ष

Scanned with CamScanner